दर्ता नं. ३७५०/०६७/०६८

समृद्धिका लागि
सहयात्रा ...

Jyotipunja
Saving & Credit Co-operative Ltd.

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## JYOTIPUNJA SAVING & CREDIT CO-OPERATIVE LTD.

10th

# Annual Report
2076/077

## दशौं वार्षिक प्रतिवेदन
२०७६/०७७

ज्योतिपुञ्ज उद्यमी कर्जा
पौरखीका लागि उर्जा



ज्योतिपुञ्ज

## उद्यमी कर्जा

**१४%** ब्याजदर

### विशेषताहरू

- ४८ घण्टा भित्र स्वीकृती
- समयमै किस्ता तिर्दा ब्याज रकममा ३% छुट
- समय अवधि अधिकतम ७ वर्ष सम्म
- दैनिक वा मासिक रुपमा किस्ता तिर्न सकिने



सानो होस या ठूलो आकार
ज्योतिपुञ्जको साथमा
हुन्छ सपना साकार

ज्योतिपुञ्ज

## आवास कर्जा

**१४.५०%** ब्याजदर

### विशेषताहरू

- ४८ घण्टा भित्र स्वीकृती
- समयमै किस्ता तिर्दा ब्याज रकममा ३% छुट
- समय अवधि अधिकतम ७ वर्ष सम्म
- दैनिक वा मासिक रुपमा किस्ता तिर्न सकिने
- घर घडेरी खरिद तथा निर्माणको लागि



# विषय सूची


| क्र.सं. | विवरण | पेज |
|---|---|---|
| १. | चिनारी गीत | २ |
| २. | दशौं वार्षिक साधारण सभा सम्बन्धि सूचना | ३ |
| ३. | सञ्चालक समितिको वार्षिक प्रतिवेदन | ४ |
| ४. | विगत पाँच वर्षका मुख्य–मुख्य वित्तीय सूचाङ्कहरु | ७ |
| ५. | लेखापरीक्षकको प्रतिवेदन | ९ |
| ६. | लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन | ११ |
| ७. | वासलात | १३ |
| ८. | नाफा नोक्सान हिसाब | १४ |
| ९. | नगद प्रवाह विवरण | १५ |
| १०. | अनुसूची १ देखि १५ सम्म | १६–२३ |
| ११. | प्रमुख लेखा नीति | २४ |
| १२. | लेखा सम्बन्धि टिप्पणीहरु | २५ |

# चिनारी गीत

भविष्यको भरोसा वर्तमानको आधार ।
ज्योतिपुञ्जले नै गर्छ सबैको सपना साकार ।२

जम्मा गरे जम्मा हुन्छ खाँचो पर्दा टार्छ
उद्योग व्यावसाय गर्न यसले मद्दत गर्छ ।२

बुढेसकालको लौरी जस्तो एक्लोपनको साथी
अनाथको अभिभावक ज्योतिपुञ्जको बाती ।

थोपा थोपा जम्मा गरी घैलो भरे जस्तै
भोलि खान आजैबाट वीउ छरे जस्तै ।२

जसले सोच्छ भविष्यमा सुरक्षा र सुख
साथ दिन्छ ज्योतिपुञ्ज बन्दै अभिमुख ।

भविष्यको भरोसा वर्तमानको आधार
ज्योतिपुञ्जले नै गर्छ सबैको सपना साकार ।२

सबैको सपना साकार ।२

# सदस्य महानुभावहरूमा दशौं वार्षिक साधारण सभा सम्बन्धि सूचना

यस संस्थाको मिति २०७७/०६/०३ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार संस्थाको दशौं वार्षिक साधारण सभाको कार्यक्रम, सहकारी विभागको मिति २०७७/०६/०१ गतेको पत्र संख्या ०७७/०७८ च.नं. २०२ मार्फत सहकारी संस्थाको साधारण सभाको कार्यक्रम सम्बन्धमा जारी परिपत्र/सूचना बमोजिम गर्नुपर्ने भएकोले निम्न लिखित मिति, स्थान र समयमा उपस्थितिका लागि सम्पूर्ण सदस्य महानुभावहरुलाई विनम्र अनुरोध गर्दछौं ।

**साधारण सभा बस्ने मिति, स्थान र समयः**

मिति : २०७७ असोज २४ गते देखि असोज ३० गते सम्म

स्थान : संस्थाको कार्यालय

समय : बिहान १०:०० बजे देखि ५:०० बजे सम्म

**साधारण सभामा छलफल हुने विषयहरूः**

१. सञ्चालक समितिको आ.व. २०७६/०७७ को वार्षिक प्रतिवेदन सम्बन्धमा ।
२. आ.व. २०७६/०७७ को लेखा परिक्षण प्रतिवेदन सम्बन्धमा ।
३. आ.व. २०७६/०७७ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
४. आ.व. २०७६/०७७ मा सञ्चालक समितिले गरेका निर्णयहरु अनुमोदन सम्बन्धमा ।
५. आ.व. २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम एवं अनुमानित बजेट सम्बन्धमा ।
६. आ.व. २०७७/०७८ को लागि लेखापरीक्षकको नियुक्ती तथा पारिश्रमिक सम्बन्धमा ।
७. कोषको बाँडफाँड स्वीकृति एवं शेयर लाभांश कोष लगायत अन्य कोषको वितरण सम्बन्धमा ।
८. साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनीधि चयन सम्बन्धमा ।
९. विविध
   क. विनियम संशोधन सम्बन्धमा ।
   ख. आन्तरिक नीति एवं कार्यविधि संशोधन तथा अनुमोदन सम्बन्धमा ।

(नोटः आ.व. २०७६/०७७ को वार्षिक प्रतिवेदन संस्थाको वेबसाइट www.jyotipunja.coop.np मार्फत पनि हेर्न सकिने छ ।)

सञ्चालक समितिको आज्ञाले
सचिव

# दशौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन

**आदरणीय सदस्य महानुभावहरु,**

कोभिड-१९ महामारीको कारण हाल विद्यमान रहेको असहज परिस्थितिमा फरक ढंगले आयोजना गरिएको यस ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि.को दशौं वार्षिक साधारण सभा कार्यक्रममा बिभिन्न माध्यमबाट सहभागिता जनाउनु हुने सम्पूर्ण सदस्य महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु ।

विगत केहि महिना देखि विश्वभर फैलिएको कोभिड-१९ को संक्रमणले महामारीको रुप लिई व्याप्त संक्रमणको त्रासका कारण हाम्रो दैनिक जनजीवन तथा आर्थिक क्रियाकलापहरु निकै नै प्रभावित भइरहेको छ । संकटको यस घडीमा हामीले पनि थुप्रै चुनौतीहरुको सामना गर्दै आएका छौं । यसबाट हामीलाई फरक खालको अनुभव हासिल भई सदस्यहरुको सेवामा जुट्नको लागि विशेष शिक्षा प्राप्त भएको छ । विद्यमान परिस्थितिले संस्था र सदस्य माझ सहकार्यको महत्व तथा सहकारीको अपरिहार्यतालाई थप पुष्टि गरेको अनुभव भएको छ ।

विभिन्न आरोह तथा अवरोहहरुका बिच आ.व. २०७६/०७७ मा संस्थाले आर्थिक, सामाजिक तथा ब्यवस्थापकीय दृष्टिकोणले जे जति उपलब्धिहरु हासिल गरेको छ, ती तमाम् उपलब्धिहरुका लागि सम्पूर्ण सदस्य महानुभावहरु, संस्थाका विभिन्न समिति उपसमितिका पदाधिकारीहरु र कर्मचारी बर्ग प्रति हार्दिक आभार तथा विशेष धन्यवाद ब्यक्त गर्दछु । आगामी दिनमा समेत यस किसिमको सहकार्यलाई निरन्तरता दिँदै सबै सदस्यहरुको हितमा अझ धेरै कार्यहरु गर्न सदा झै निरन्तर सहयोगको अपेक्षा गर्दछु ।

**आदरणीय सदस्य महानुभावहरु, अब म आ.व. २०७६/०७७ मा संस्थाले हासिल गरेका केहि वित्तीय उपलब्धिहरुको विवरण यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छु ।**

- ☑ आर्थिक वर्ष ०७६।७७ मा यस संस्थाको शेयर पूँजी रु.१०,१८,८५,६००।०० रहेको छ । अघिल्लो वर्षको तुलनामा १३.५६ प्रतिशतले बृद्धि भएको छ ।
- ☑ यस संस्थाको कुल निक्षेप रु.१,११,१९,५२,५७५।०३ रहेको छ । अघिल्लो वर्षको तुलनामा ७.६९ प्रतिशतले बृद्धि भएको छ ।
- ☑ यस संस्थाको कुल ऋण लगानी रु.१,१९,३३,२८,४०२।३७ रहेको छ । अघिल्लो वर्षको तुलनामा ९.१३ प्रतिशतले बृद्धि भएको छ ।

- ☑ यस आर्थिक वर्षमा संस्थाको जगेडा तथा कोष रकम रु.७,२८,२५,३२८।१८ रहेको छ। अघिल्लो वर्षको तुलनामा १९.९२ प्रतिशतले बृद्धि भएको छ।
- ☑ यस आर्थिक वर्षमा संस्थाको कुल मुनाफा (कर कट्टी अघि) रु.३,०४,४५,९५१।३३ रहेको छ। अघिल्लो वर्षको तुलनामा ८.१५ प्रतिशतले कम भएको छ।
- ☑ यस संस्थाको कुल सम्पत्ति रु.१,४७,३९,९७,३८६।६४ रहेको छ। अघिल्लो वर्षको तुलनामा ७.९२ प्रतिशतले बृद्धि भएको छ।

### आर्थिक वर्ष ०७५/७६ र आ.व. ०७६/७७ को तुलनात्मक वित्तीय अवस्था

| विवरण | आ.व. ०७६/७७ | आ.व. ०७५/७६ | बृद्धि (प्रतिशतमा) |
|---|---|---|---|
| शेयर पूँजी | १०,१८,८५,६००।०० | ८,९७,२१,९००।०० | १३.५६% |
| निक्षेप संकलन | १,११,१९,५२,५७५।०३ | १,०३,२५,१५,९५३।३९ | ७.६९% |
| ऋण लगानी | १,१९,३३,२८,४०२।३७ | १,०९,३५,३०,३४८।७४ | ९.१३% |
| जगेडा तथा कोषहरु | ७,२८,२५,३२८।१८ | ६,०७,२९,२१२।०० | १९.९२% |
| कुल मुनाफा (कर कट्टी अघि) | ३,०४,४५,९५१।३३ | ३,३१,४९,३४६।१६ | (८.१५%) |
| कुल सम्पत्ति | १,४७,३९,९७,३८६।६४ | १,३६,५७,७२,७९८।९९ | ७.९२% |

### आर्थिक बर्ष २०७७/०७८ को लागि (वजेटका आधारमा तयार परिएको) वित्तीय प्रक्षेपण

| विवरण | आ.व. ०७६/७७ | आ.व. ०७७/७८ (अनुमानित) बृद्धि लक्ष | अनुमानित बृद्धि (प्रतिशतमा) |
|---|---|---|---|
| शेयर पूँजी | १०,१८,८५,६००।०० | १०,५०,००,०००।०० | ३.०५ |
| निक्षेप संकलन | १,११,१९,५२,५७५।०३ | १,२५,००,००,०००।०० | १२.४१ |
| ऋण लगानी | १,१९,३३,२८,४०२।३७ | १,३५,००,००,०००।०० | १३.१३ |
| जगेडा तथा कोषहरु | ७,२८,२५,३२८।१८ | १०,४४,४१,०००।०० | ४३.४१ |
| कुल मुनाफा (कर कट्टी अघि) | ३,०४,४५,९५१।३३ | ५,९४,००,०००।०० | ९५.१० |
| कुल सम्पत्ति | १,४७,३९,९७,३८६।६४ | १,६२,६५,००,०००।०० | १०.३५ |

## आगामी आ.व. को योजना तथा कार्यक्रम

१. "अनावश्यक खर्च र चुहावटमा शुन्य सहनशिलता, हाम्रो प्रतिवद्धता" को नीति अवलम्बन गर्दै स्थापना देखि नै यो संस्था निरन्तर अघि बढिरहेको र आगामी दिनमा पनि यसै गरी संस्थागत सुशासन कायम गर्दै अघि बढ्ने कुरा दोहोर्‍याउन चाहन्छु ।

२. कर्जाको ब्याजदर सम्बन्धमा सहकारी विभागले दिएको निर्देशन भन्दा अझ सहुलियत हुने गरी अधिकतम १४% सम्म सीमित गर्ने योजना रहेको छ ।

३. "जोगाउनु नै कमाउनु हो" भन्ने वास्तविकतालाई स्वीकार गर्दै संस्थाले नियमित बचत योजना सुरुवात गरेको छ । यस योजनामा सहभागिताको लागि सदस्य महानुभावलाई थप उत्प्रेरित गरिनेछ ।

४. "सदस्यसँग ज्योतिपुञ्ज" कार्यक्रम अन्तर्गत महिनाको एक पटक एउटा सेवा केन्द्र क्षेत्र भित्र करिव ३०/४० जना सदस्यसँगको प्रत्यक्ष (विद्युतिय माध्यम समेतबाट) अन्तरक्रियात्मक कार्यक्रमहरु गरिनेछ ।

५. संस्थाका सदस्यहरुका सन्तती मध्ये SEE परीक्षामा उच्चतम् अंक प्राप्त गर्ने १० जना (५ जना छात्र र ५ जना छात्रा) को एकिन गरी उनीहरुको उच्च शिक्षाको लागि नगद पुरस्कार स्वरुप रु. ५,०००।- प्रदान गरिनेछ ।

६. संस्थाका सदस्यहरु मध्येबाट इच्छुक महिला सदस्यहरूलाई व्यवसाय उपयोगी तालिम (Skill Based Training) को आयोजना गरिनेछ ।

७. संस्थाका सेवाहरुलाई प्रविधिमैत्री बनाउदै लैजाने क्रममा Online Banking सेवाको प्रयोग लाई अझ विस्तार गरिनेछ ।

अन्तमा, आउँदै गरेको २०७७ सालको दशैं, तिहार, नेपाल संवत्, छठ लगायतका नेपालीहरुको महान चाडपर्बहरुको उपलक्ष्यमा यहाँहरुको सु-स्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दै दशौं वार्षिक साधारण सभाको पूर्ण सफलताको कामना सहित सबैमा हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछु ।


धन्यवाद ।

**नवराज कार्की**
अध्यक्ष


जय ज्योतिपुञ्ज ! जय सहकारी !!
३० असोज, २०७७

# विगत पाँच वर्षका मुख्य-मुख्य वित्तीय सूचाङ्कहरु


## शेयर पूँजी





## निक्षेप



# कर्जा लगानी


1200000000.00
1000000000.00
800000000.00
600000000.00
400000000.00
200000000.00
0.00
368,170,478.19
593,632,400.92
885,770,202.24
1,093,530,348.74
1,193,328,402.37
072/73
073/74
074/75
075/76
076/77

# मुनाफा


35000000.00
30000000.00
25000000.00
20000000.00
15000000.00
10000000.00
5000000.00
0.00
13,021,181.02
18,659,328.33
21,699,440.56
33,149,346.16
30,445,951.33
072/73
073/74
074/75
075/76
076/77

Firm Reg. No. : 524 VAT No. 602810908

BRBS & Associates
*Chartered Accountants*

**ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेडका**
**सदस्य महानुभावहरु समक्ष**

# आ.व. २०७६/२०७७ को स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

१. हामीले यसै साथ संलग्न ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड, बानेश्वर, काठमाडौंको ३१ आषाढ २०७७ को वासलात र सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं। यी वित्तीय विवरणहरु प्रतिको उत्तरदायित्व संस्थाको व्यवस्थापनको रहेको छ। संस्थाको व्यवस्थापनले तयार गरेका ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हुनेछ।

२ निम्नलिखित अनुच्छेदहरुमा लेखिएका विषयहरु बाहेक, हामीले नेपाल लेखापरीक्षण मानहरु (Nepal Standards on Auditing) र प्रचलित पद्दतिको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं। वित्तीय विवरणहरु सारभुत रुपमा गलत तथ्य रहित छन भन्ने कुरामा विश्वस्थ हुनको लागि यी मानहरु अनुसार लेखापरीक्षण योजना तयार गरी तद् अनुसार लेखापरीक्षण गर्नु पर्दछ। वित्तीय विवरणहरुमा उल्लेखित रकम र खुलस्त गरिएका अन्य विवरणहरुलाई पुष्ट्याई गर्न प्रमाणको जाँच समेत लेखापरीक्षणमा समावेश हुन्छ। संस्थाले अवलम्बन गरेका लेखा सिद्धान्त, व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवम् वित्तीय विवरण प्रस्तुतिको समग्र स्थितिको मूल्याङ्कन पनि लेखा परीक्षणमा समावेश हुन्छ। हाम्रो लेखापरीक्षणले हाम्रो मन्तब्यलाई पर्याप्त आधार प्रदान गरेको कुरामा हामी विश्वस्त छौं।

३. **३.१ प्रतिदावीका आधार**

नेपाल चाटर्ड एकाउन्टेन्ट्स संस्थाद्धारा जारी गरिएको नेपाल वित्तीय प्रतिवेदन मानहरु (NFRS) अनुसार कुनै पनि संस्थाले अबिछिन्न दुई आ. ब. मा रु ५० करोड वा सो भन्दा बढी रकमको प्रत्ययिक सम्पत्ति (Assets holding in a Fiducary Capacity) धारण गरेमा सो संस्थालाई बित्तीय महत्वका निकाय मानीने भएकाले संस्थाले आफ्ना वित्तीय विवरणहरु परिवर्तित नेपाल वित्तीय प्रतिवेदन मानहरु बमोजिम तयार गर्नुपर्ने हुन्छ।

३.२. **प्रतिदावी राय**

माथिको प्रतिदावी आधार हरफमा उल्लेख भए बमोजिम यस संस्थाद्धारा नेपाल वित्तीय प्रतिवेदन मानहरु पुर्ण रुपमा पालना नगरिएकोले यसबाट पर्न जान सक्ने एकीकृत असरको बारेमा यकिन गर्न नसकिने भएकाले यस बिषयमा हामीले यस संस्थाको आ. व २०७६।७७ को वित्तीय विवरणहरुमा आफ्नो राय प्रस्तुत गर्दैनौं।

**४. लेखापरीक्षणका क्रममाभेटिएका अन्य कैफियतहरु:**

४.१. सहकारी मापदण्ड २०६८ दफा ३० ऋणको वर्गिकरण अनुसार संस्थाले प्रवाह गरेको कर्जालाई कर्जाको समयावाधि र कर्जाको स्थिति अनुसार वर्गीकरण गरि सम्भावित कर्जा नोक्सानीको व्यवस्था गर्नु पर्ने व्यवस्था रहेतापनि ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आ.व. २०७६/७७ आषाढ मसान्त सम्मको ऋणमा १% मात्र ऋण नोक्सानी व्यवस्था गरेको पाईयो ।

४.२ ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेडले PEARLS लाई आंशिक रुपमा कार्यान्वयन गरेको पाइयो ।

४.३ ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेडको लेखा निति तथा मान्यताको प्रावधानको सन्दर्भ यसै साथ संलग्न अनुसूचि १६ मा समावेश गरिएको छ ।

**५. माथि अनुच्छेदहरुमा उल्लेख गरिएका विषयहरु तथा लेखा टिप्पणीमा उल्लेख गरिएका विषयहरुले गर्ने असर वाहेक:**

५.१. हामीले लेखापरीक्षणका क्रममा आवश्यक ठानेका जानकारी तथा स्पष्टीकरण यथाशिघ्र तथा सन्तोषजनक रुपमा पायौं । संस्थाको हिसाव किताव तथा लेखा (अन्यथा खुलाईए बाहेक) प्रचलित कानुन बमोजिम राखिएको छ । वित्तीय विवरणहरु संस्थाले राखेको हिसाव कितावसँग दुरुष्त छन् ।

हाम्रो रायमा हामीलाई प्राप्त जानकारी तथा स्पष्टीकरण अनुसार संस्थाको हिसाव कितावको परीक्षणबाट सञ्चालक समिति वा सो को कुनै सदस्य वा कुनै कर्मचारीले कानुन विरुद्ध कामकाज वा वेहिसाव गरेको वा संस्थालाई हानी नोक्सानी गरेको, गराइएको वा संस्थाको तथा निक्षेपकर्ताहरुको हित र संरक्षण नहुने काम गरेको जानकारी आएन ।

५.२. हाम्रो रायमा ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेडको वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरणले ३१ आषाढ २०७७ को आर्थिक स्थिति तथा सोही मितिमा समाप्त भएको आ.व.को संचालन नतिजा र नगद प्रवाहको विवरणको (यस प्रतिवेदनको नं ३ र ४) मा उल्लेख गरिएका बिषय बाहेक यथार्थ चित्रण गरेको छ ।

**बि.आर.बि.एस एण्ड एसोसिएट्स**
चार्टड एकाउन्टेन्ट्स

BRBS & ASSOCIATES * Chartered Accountants * Kathmandu Nepal

**सि.ए. बिशाल राज भूषाल**
(पार्टनर)
मिति:२०७७।०६।०१
UDIN NO: 200917CA007807uypY

# लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन

विषम परिस्थितिमा संस्थाले आयोजना गरिरहेको यस दशौं वार्षिक साधारण सभाको अवसरमा लेखा सुपरीवेक्षण समितिको तर्फबाट हार्दिक स्वागत गर्दै आ.व. ०७६/७७ मा संस्थाका काम कारवाहीहरुको लेखा सुपरीवेक्षण समितिले अनुगमन एवं निरीक्षण गरी प्राप्त कैफियत टिप्पणी तथा सुझावहरुलाई सहकारी ऐन नियमले व्यवस्था गरे बमोजिम निम्नानुसार यो प्रतिवेदन प्रस्तुत गरेका छौं ।

१. **अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्थाः**
गत वर्ष सम्पन्न संस्थाको नवौं वार्षिक साधारण सभाले गरेको सम्पूर्ण निर्णयहरु कार्यन्वयन भएको पाईयो ।

२. **आ.व. ०७६।०७७ मा बसेको बैठक संख्या, निणर्यहरु र निणर्यहरुको कार्यान्वयनको अवस्थाः**
आर्थिक वर्ष २०७६।०७७ मा संस्थाको सञ्चालक समितिको बैठक १७ पटक बसी बिभिन्न निर्णयहरु गरेको र उक्त निर्णयहरु मध्ये अधिकांश कार्यन्वयनमा आएको पाईयो ।

३. **ऋण लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्थाः**
संस्थाले जारी गरेको ऋण नीति अनुरुप सदस्यहरुलाई बिभिन्न परियोजना अन्तर्गत ऋण लगानी भएको र आवश्यक धितो सुरक्षण राखी प्राविधिक मार्फत त्यसको मुल्यांकन गराई लगानी गरेको पाईयो ।

४. **नियमनकारी निकाय/विभागबाट जारी गरिएका ऐन तथा निर्देशिका पालना सम्बन्धी विवरणः**
यस संस्थाको कारोवार तथा नीतिगत निर्णयहरुको मुख्य आधार सहकारी ऐन, नियम तथा निर्देशन रहेको छ । उक्त ऐन तथा निर्देशनको परिधिभित्र रहेर सञ्चालक समितिले निर्णय गर्ने तथा संस्थाका क्रियाकलापहरु सञ्चालन गर्दै अघि बढिरहेको पाइयो ।

५. **सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरु कार्यान्वयनको अवस्थाः**
यस आर्थिक वर्ष सम्म आइपुग्दा विभिन्न नियमनकारी निकायबाट दिइएका अधिकांश निर्णयहरु कार्यान्वयन भईसकेका र केहि कार्यान्वयनका प्रक्रियामा रहेको पाइयो ।

६. **पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरणः**
संस्थाका कार्यकारी प्रमुखको पारिश्रमिक यस संस्थाको मानव संसाधन नीति तथा निर्णय बमोजिम ब्यवस्था गरेको पाईयो भने सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति तथा अन्य उप-समितिका पदाधिकारीहरुलाई बैठक भत्ता बाहेक अन्य कुनै प्रकारको सेवा सुविधा दिएको देखिएन ।

७. **कर्मचारी प्रशासन सम्बन्धी ब्यवस्थाहरुः**
संस्थाको साधारण सभाले पारित गरेको “मानव संसाधन नीति २०७६” बमोजिम संस्थाको मानव संसाधान व्यवस्थापन गरिएको पाइयो । जस अनुसार हाल संस्थामा निम्नानुसारका पदाधिकारी तथा कर्मचारीहरु कार्यरत रहेको पाईयो ।

क) कार्यकारी तहः १
ख) प्रबन्धकीय तहः १

ग) अधिकृत तहः ६
घ) सहायक तहः १३
ङ) तह विहीनः ३
जम्मा कर्मचारी संख्याः २४ जना

८. **लेखा समितिले यस अघि दिएको प्रतिवेदन बमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्थाः**
गत आ.व.मा लेखा समितिको तर्फबाट दिइएका सुझावहलाई सञ्चालक समिति तथा ब्यावस्थापन समुहले पालना गरेकै पाइयो ।

**लेखा समितिको तर्फवाट सुझावहरुः**

१. ऋण लगानी गर्दा आन्तरिक लेखापरिक्षक र बाह्य लेखा परिक्षकको प्रतिवेदनमा उल्लेखित कैफियतहरुलाई बिशेष ध्यान दिनुहुन ।
२. उत्पादन मूलक क्षेत्रमा संस्थाको लगानी वृद्धि गर्नुहुन ।
३. PEARLS लाई पूर्ण रुपमा पालना गर्नहुन ।
४. आन्तरिक लेखापरीक्षकले सुझाएका कैफियतहरु तथा सुझावहरु कार्यन्वयन गर्नुहुन ।

अन्तमा,

लेखा सुपरीवेक्षण समितिको तर्फवाट प्रस्तुत गरेका टिप्पणी तथा सुझावहरुमा सदस्य महानुभावहरुले आबश्यक छलफल तथा विश्लेषण गरी सम्बन्धित सबैलाई ठोस मार्ग निर्देशनको अपेक्षा गर्दै यो प्रतिवेदन तयार गर्नको लागि सहयोग गर्नुहुने पदाधिकारी तथा कर्मचारी मित्रहरुमा हार्दिक धन्यवाद सहित भविष्यमा पनि सहयोगको अपेक्षा गर्दै संस्था तथा सदस्य महानुभावहरुको निरन्तर सफलताको कामना गर्दछु ।

धन्यवाद,
३० असोज, २०७७

**एलिना थापा**
लेखा संयोजक

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि.

नयाँ बानेश्वर, काठमाडौं, नेपाल

२०७७ आषाढ मसान्त

## वासलात

| पूँजी तथा दायित्व | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| शेयर पूँजी | | १०१,८८५,६००।०० | ८९,७२१,९००।०० |
| जगेडा तथा कोष | १ | ७२,८२५,३२८।१८ | ६०,७२९,२१२।०० |
| ऋण सापटी | २ | १२४,४००,०००।०० | १३२,२६६,६५८।०० |
| निक्षेप दायित्व | ३ | १,१११,९५२,५७५।०३ | १,०३२,५१५,९५३।३९ |
| अन्य दायित्व | ४ | ४९,०८७,६३८।९६ | ३७,६९०,८११।६७ |
| कर्जा नोक्सानी ब्यवस्था | ५ | १३,८४६,२४४।४७ | १२,८४८,२६३।९३ |
| जम्मा | | १,४७३,९९७,३८६।६४ | १,३६५,७७२,७९८।९९ |
| | | | |
| **जायजेथा तथा सम्पत्ति** | **अनुसूची** | **यस वर्ष रु.** | **गत वर्ष रु.** |
| स्थिर सम्पत्ति | ६ | ६५,५६४,२७९।९९ | ८१,२४०,३४५।६१ |
| नगद | | २,००२,४९८।०० | १,७२९,०७०।०० |
| बैंक मौज्दात | ७ | १७९,९१६,३११।५७ | १७६,५००,८८४।६३ |
| ऋण लगानी तथा सापटी | ८ | १,१९३,३२८,४०२।३७ | १,०९३,५३०,३४८।७४ |
| लगानी | ९ | ११,२५९,०००।०० | ६,१५९,०००।०० |
| अन्य सम्पत्ति | १० | २१,९२६,८९४।७१ | ६,६१३,१५०।०१ |
| जम्मा | | १,४७३,९९७,३८६।६४ | १,३६५,७७२,७९८।९९ |

*प्रमुख लेखा नीति तथा टिप्पणीहरु अनुसूची १६*

*१ देखि १० सम्मका अनुसूचीहरु वासलातका अभिन्न अंग हुन् ।*

**यसै मितिको हाम्रो संलग्न प्रतिवेदनका आधारमा**

**नवराज कार्की**
अध्यक्ष

**संगित प्रधान**
उपाध्यक्ष

**नविन श्रेष्ठ**
सचिव

**सावित्रा कार्की**
कोषाध्यक्ष

**बि.आर.बि.एस एण्ड एसोसिएट्स**
चार्टड एकाउन्टेन्ट्स

BRBS & ASSOCIATES * Chartered Accountants * Kathmandu Nepal

**गौरी कुमार खत्री**
सञ्चालक

**रामेश्वर थापा**
सञ्चालक

**सिता खड्का**
सञ्चालक

**एलिना थापा**
संयोजक
लेखा तथा सुपरिवेक्षण समिति

**गिता राउत**
सदस्य
लेखा तथा सुपरिवेक्षण समिति

**नानी मैया श्रेष्ठ**
सदस्य
लेखा तथा सुपरिवेक्षण समिति

**सि.ए. बिशाल राज भुषाल**
(पार्टनर)
मितिः२०७७।०६।०१

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि.

नयाँ बानेश्वर, काठमाडौं, नेपाल

२०७६ श्रावण १ गते देखि २०७७ असाढ ३१ गते सम्म

## नाफा नोक्सान हिसाब

| शिर्षक | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| **आम्दानी** | | | |
| ब्याज आम्दानी | ११ | १८३,६०४,०२३।९७ | १७७,८२७,७१९।५७ |
| अन्य आम्दानी | १२ | १५,१४८,१३८।९६ | १६,३४८,४७०।०३ |
| जम्मा | | १९८,७५२,१६२।९३ | १९४,१७६,१८९।६० |
| **खर्च** | | | |
| ब्याज खर्च | १३ | १३०,६२८,५४२।४५ | ११६,७००,११६।६२ |
| कर्मचारी खर्च | १४ | १५,९४८,१५१।४४ | १५,५८८,६८६।९७ |
| प्रशासनिक खर्च | १५ | ८,७८६,७२१।६४ | ८,९६५,९५१।०९ |
| कर्जा नोक्सानी ब्यवस्था | ५ | ९९७,९८०।५४ | ३,९९०,५६१।९१ |
| ह्रास कट्टी खर्च | ६ | ३,२१८,२९४।४३ | २,५८६,९०४।८५ |
| ऋणमा ब्याज खर्च | | ८,७२६,५२१।१० | १३,१९४,६२२।०० |
| **जम्मा** | | १६८,३०६,२११।६० | १६१,०२६,८४३।४४ |
| आयकर र बोनस अगाडिको नाफा/(नोक्सान) | | ३०,४४५,९५१।३३ | ३३,१४९,३४६।१६ |
| कर्मचारी बोनस व्यवस्था | | ३,०४४,५९५।१३ | |
| यस वर्ष आयकर अधिको नाफा | | २७,४०१,३५६।२० | ३३,१४९,३४६।१६ |
| आयकर ब्यवस्था | | २,७४०,१३५।६२ | ३,३१४,९३४।६२ |
| **खुद नाफा/(नोक्सान)** | | २४,६६१,२२०।५८ | २९,८३४,४११।५४ |

*प्रमुख लेखा नीति तथा टिप्पणीहरु अनुसूची १६*

*११ देखि १५ सम्मका अनुसूचीहरु नाफा नोक्सान हिसाबका अभिन्न अंग हुन् ।*

**यसै मितिको हाम्रो संलग्न प्रतिवेदनका आधारमा**

**नवराज कार्की**
अध्यक्ष

**संगित प्रधान**
उपाध्यक्ष

**नविन श्रेष्ठ**
सचिव

**सावित्रा कार्की**
कोषाध्यक्ष

**गौरी कुमार खत्री**
सञ्चालक

**रामेश्वर थापा**
सञ्चालक

**सिता खड्का**
सञ्चालक

**एलिना थापा**
संयोजक
लेखा तथा सुपरिवेक्षण समिति

**गिता राउत**
सदस्य
लेखा तथा सुपरिवेक्षण समिति

**नानी मैया श्रेष्ठ**
सदस्य
लेखा तथा सुपरिवेक्षण समिति

बि.आर.बि.एस एण्ड एसोसिएट्स
चार्टड एकाउन्टेन्ट्स

BRBS & ASSOCIATES Chartered Accountants Kathmandu Nepal

**सि.ए. बिशाल राज भुषाल**
(पार्टनर)
मिति:२०७७।०६।०१

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि.

नयाँ बानेश्वर, काठमाडौं, नेपाल

२०७६ श्रावण १ गते देखि २०७७ असाढ ३१ गते सम्म

## नगद प्रवाह विवरण

| विवरण | यस बर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|
| क. कारोबार संचालनबाट नगद प्रवाह | ४,५९९,१४६।१५ | (३१,९६४,८५२।०१) |
| १. नगद प्राप्ति | १९८,७५२,१६२।९३ | १९४,१७६,१८९।६० |
| १.१ ऋण लगानीबाट ब्याज आम्दानी | १८३,६०४,०२३।९७ | १७७,८२७,७१९।५७ |
| १.२ अन्य आम्दानी | १५,१४८,१३८।९६ | १६,३४८,४७०।०३ |
| २. नगद भुक्तानी | (१६७,४०४,८७१।२५) | (१५९,८७४,२३६।८२) |
| २.१ ब्याज खर्च | (१३०,६२८,५४२।४५) | (१२९,८९४,७३८।६२) |
| २.२ कर्मचारी खर्च | (१५,९४८,१५१।४४) | (१५,५८८,६८६।९७) |
| २.३ कार्यालय संचालन खर्च | (८,७८६,७२१।६४) | (८,९६५,९५१।०९) |
| २.४ आयकर भुक्तानी | (३,३१४,९३४।६२) | (५,४२४,८६०।१४) |
| २.५. ऋणमा व्याज भुक्तानि | (८,७२६,५२१।१०) | |
| सञ्चालन सम्बन्धी चालु सम्पत्तिमा कमी/(वृद्धि) | (११५,१११,७९८।३३) | (२०७,५८०,०३०।७९) |
| १. ऋण लगानीमा कमी/(वृद्धि) | (९९,७९८,०५३।६३) | (२०७,७६०,१४६।५०) |
| २. अन्य सम्पत्तिमा कमी/(वृद्धि) | (१५,३१३,७४४।७०) | १८०,११५।७१ |
| सञ्चालन सम्बन्धी चालु दायित्वमा (कमी)/बृद्धि | ८८,३६३,६५२।८० | १४१,३१३,२२६।०० |
| १. निक्षेप हिसाबमा (कमी)/वृद्धि | ७९,४३६,६२१।६४ | १२९,४९२,०७७।५४ |
| २. चालु दायित्व हिसाबमा (कमी)/वृद्धि | ८,९२७,०३१।१६ | ११,८२१,१४८।४६ |
| ख. वित्तीय कारोवारबाट नगद प्रवाह | (८,२६८,०६३।२१) | ७२,३४०,५६०।५८ |
| १. शेयर पूँजीमा कमी/वृद्धि | १२,१६३,७००।०० | २,३७२,६००।०० |
| २. कोषमा कमी/वृद्धि | (१२,५६५,१०५।२१) | (९,२९५,७७२।४२) |
| ३. ऋण नेफ्स्कून | (७,८६६,६५८।००) | ७९,२६३,७३३।०० |
| ग. लगानी कारोवारबाट नगद प्रवाह | ७,३५७,७७२।०० | (३२,३८०,४६२।०१) |
| १. लगानीमा कमी/वृद्धि | (५,१००,०००।००) | (५,१२३,०००।००) |
| २. स्थिर सम्पत्ति खरिद | (२,०४३,२३९।००) | (४८,३४८,७९५।३४) |
| ३. स्थिर सम्पत्ति बिक्री | १४,५०१,०११।०० | २१,०९१,३३३।३३ |
| घ. यस वर्षको खुद नगद प्रवाह (क+ख+ग) | ३,६८८,८५४।९४ | ७,९९५,२४६।५६ |
| ङ. शुरु नगद तथा बैक मौज्दात | १७८,२२९,९५४।६३ | १७०,२३४,७०८।०६ |
| च. अन्तिम नगद तथा बैंक मौज्दात (घ+ङ) | १८१,९१८,८०९।५७ | १७८,२२९,९५४।६३ |

*प्रमुख लेखा नीति तथा टिप्पणीहरु अनुसूची १६*

| | | | |
|---|---|---|---|
| नवराज कार्की<br>अध्यक्ष | संगित प्रधान<br>उपाध्यक्ष | नविन श्रेष्ठ<br>सचिव | सावित्रा कार्की<br>कोषाध्यक्ष |
| गौरी कुमार खत्री<br>सञ्चालक | रामेश्वर थापा<br>सञ्चालक | सिता खड्का<br>सञ्चालक | |
| एलिना थापा<br>संयोजक<br>लेखा तथा सुपरिवेक्षण समिति | गिता राउत<br>सदस्य<br>लेखा तथा सुपरिवेक्षण समिति | नानी मैया श्रेष्ठ<br>सदस्य<br>लेखा तथा सुपरिवेक्षण समिति | |

बि.आर.बि.एस एण्ड एसोसिएट्स
चार्टड एकाउन्टेन्ट्स

BRBS & ASSOCIATES
Kathmandu Nepal
Chartered Accountants

सि.ए. बिशाल राज भुषाल
(पार्टनर)
मितिः२०७७।०६।०१

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि.

नयाँ बानेश्वर, काठमाडौं, नेपाल

अनुसूची १

## आ. व. ०७६/०७७ को कोष बाँडफाँड हिसाव विवरण

| विवरण | २०७६।०७७ को खुद नाफा | आय कर व्यवस्था १०% | कोषमा बांडफांड हुने रकम |
|---|---|---|---|
| आय व्यय विवरण अनुसार | २७,४०१,३५६।२० | २,७४०,१३५।६२ | २४,६६१,२२०।५८ |

| विवरण | % | २०७५।०७६ सम्म | २०७६।०७७ मा रकमान्तर रु. थप घट | | यस वर्ष सम्मको रकम रु. | २०७६।२०७७ को नाफा बाट | २०७६।०७७ सम्मको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | परिचालन | वितरण | | | |
| जगेडा कोष | २५% | २५,५४०,७४४।४१ | १७,९८८,१७४।३५ | - | ४३,५२८,९१८।७६ | ६,१६५,३०५।१४ | ४९,६९४,२२३।९० |
| जम्मा | २५% | २५,५४०,७४४।४१ | १७,९८८,१७४।३५ | - | ४३,५२८,९१८।७६ | ६,१६५,३०५।१४ | ४९,६९४,२२३।९० |
| | | | | | | | |
| बाँकी ७५% लाई १00% मानी ऐन अनुसार बाँडफाँड | | | | | | | |
| संरक्षित पूँजी फिर्ता कोष | २५% | १४,५३५,२६१।४१ | - | १४,५३५,२६१।४१ | - | ४,६२३,९७८।८६ | ४,६२३,९७८।८६ |
| सहकारी प्रवर्द्धन कोष | 0.५% | १११,८७९।0५ | - | १११,८७९।0१ | 0.0४ | ९२,४७९।५८ | ९२,४७९।५८ |
| जम्मा | २५.५0% | १४,६४७,१४0।४६ | - | १४,६४७,१४0।४२ | 0.0४ | ४,७१६,४५८।४८ | ४,७१६,४५८।४८ |
| | | | | | | | |
| बाँकी रहेको रकमलाई १00% मानी ऐन अनुसार बाँडफाँड | | | | | | | |
| शेयर लाभांस कोष | ८0% | १२,६२०,४0९।१0 | - | १२,३२९,९५३।७२ | २९0,४५५।३८ | ११,0२३,५६५।६0 | ११,३१४,0२0।९८ |
| घाटा पुर्ति कोष | ५% | ४,३00,३३५।६९ | - | - | ४,३00,३३५।६९ | ६८८,९७२।८५ | ४,९८९,३0८।५४ |
| सहकारी शिक्षा कोष | ५% | ८३३,४९८।८७ | - | ८३३,४९८।८७ | - | ६८८,९७२।८५ | ६८८,९७२।८५ |
| सहकारी विकास कोष | ५% | ८३३,४९८।८७ | - | ८३३,४९८।८७ | - | ६८८,९७२।८५ | ६८८,९७२।८५ |
| कर्मचारी कल्याण कोष | 0% | १,१२0,0८५।७३ | - | १,0७५,६८८।00 | ४४,३९७।७३ | - | ४४,३९७।७३ |
| ऋण जोखिम व्यवस्थापन कोष | ५% | ८३३,४९८।८७ | - | ८३३,४९८।८७ | - | ६८८,९७२।८५ | ६८८,९७२।८५ |
| जम्मा | १00% | २0,५४१,३२७।१४ | - | १५,९0६,१३८।३४ | ४,६३५,१८८।८0 | १३,७७९,४५७।00 | १८,४१४,६४५।८0 |
| कोषको रकम वासलातमा सारेको | | ६0,७२९,२१२।00 | १७,९८८,१७४।३५ | ३0,५५३,२७८।७५ | ४८,१६४,१0७।६0 | २४,६६१,२२0।५८ | ७२,८२५,३२८।१८ |

नवराज कार्की
अध्यक्ष

संगित प्रधान
उपाध्यक्ष

नविन श्रेष्ठ
सचिव

सावित्रा कार्की
कोषाध्यक्ष

गौरी कुमार खत्री
सञ्चालक

रामेश्वर थापा
सञ्चालक

सिता खड्का
सञ्चालक

एलिना थापा
संयोजक
लेखा तथा सुपरिवेक्षण समिति

गिता राउत
सदस्य
लेखा तथा सुपरिवेक्षण समिति

नानी मैया श्रेष्ठ
सदस्य
लेखा तथा सुपरिवेक्षण समिति

बि.आर.बि.एस एण्ड एसोसिएट्स
चार्टड एकाउन्टेन्ट्स

BRBS & ASSOCIATES Chartered Accountants Kathmandu Nepal

सि.ए. बिशाल राज भूषाल
(पार्टनर)
मिति:२०७७।०६।०१

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि.

नयाँ बानेश्वर, काठमाडौं, नेपाल

## २०७७ आषाढ मसान्त

**अनुसूची २**

**ऋण सापटी**

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| नेफ्स्कून | १२४,४००,०००।०० | १३२,२६६,६५८।०० |
| जम्मा | १२४,४००,०००।०० | १३२,२६६,६५८।०० |

**अनुसूची ३**

**निक्षेप दायित्व**

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| क्रमिक आवधिक बचत | १,१७५,२०८।४० | १,३७८,९९४।३० |
| बिशेष बचत | ५१४,३०७,६१६।०१ | ५४६,५५७,९८८।६७ |
| नियमित अवधि बचत | ५७१,२८५,११०।४६ | ४६७,१००,६३२।१९ |
| साधारण बचत | २५,१८४,६४०।१६ | १७,४७८,३३८।२३ |
| जम्मा | १,१११,९५२,५७५।०३ | १,०३२,५१५,९५३।३९ |

**अनुसूची ४**

**चालू तथा अन्य दायित्व**

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| तिर्नुपर्ने ब्याज | ३८,३८५,८९०।९२ | ३१,९६६,८८६।१८ |
| भुक्तानी दिन बाँकी टि.डि.एस. | ४,०८४,८६९।१८ | २,२०१,३९०।८७ |
| लेखा परीक्षण शुल्क | ६६,९००।०० | ६६,९००।०० |
| आयकर व्यवस्था | २,७४०,१३५।६२ | ३,३१४,९३४।६२ |
| तिर्नुपर्ने सण्ड्री क्रेडिटर्स | ७६५,२४८।११ | १४०,७००।०० |
| बोनस व्यवस्था | ३,०४४,५९५।१३ | |
| जम्मा | ४९,०८७,६३८।९६ | ३७,६९०,८११।६७ |

**अनुसूची ५**

**कर्जा नोक्सानी व्यवस्था**

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
| कुल कर्जा | १,१९३,३२८,४०२।३७ | १,०९३,५३०,३४८।७४ |
| कुल कर्जा नोक्सानी ब्यवस्था | १३,८४६,२४४।४७ | १२,८४८,२६३।९३ |
| गत वर्ष सम्मको ब्यवस्था | १२,८४८,२६३।९३ | ८,८५७,७०२।०२ |
| यस वर्षको थप ब्यवस्था | ९९७,९८०।५४ | ३,९९०,५६१।९१ |

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि.

नयाँ बानेश्वर, काठमाडौं, नेपाल

अनुसूची ६

## आ. व. ०७६/०७७ को सम्पत्ति तथा ह्रास कट्टी विवरण

| समूह | विवरण | सुरु मौज्दात | यस वर्ष थप: पौष सम्म | यस वर्ष थप: माघ देखि चैत्र सम्म | यस वर्ष थप: बैशाख देखि आषाढ सम्म | निसर्ग/ मिलान | जम्मा रकम | ह्रास दर | ह्रास रकम | अन्तिम मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क | कार्यालय भवन तथा जग्गा | | | | | | | | | |
| | कार्यालय भवन तथा जग्गा | ३९,३०१,०११।०० | | | | १४,५०१,०११।०० | २४,८००,०००।०० | | - | २४,८००,०००।०० |
| | कार्यालय भवन | ३४,६११,२२०।०५ | | | २१६,६००।०० | | ३४,८२७,८२०।०५ | ५% | १,७३४,१७१।०० | ३३,०९३,६४९।०५ |
| | लिजहोल्ड सम्पत्ति | २,१३२,६१९।९० | | १,०८३,१४९।०० | | | ३,२१५,७६८।९० | ५% | १६१,६५६।३५ | ३,०५४,११२।५६ |
| ख | फर्निचर तथा फिक्सचर्स | | | | | | | | | |
| | फर्निचर, फिक्सचर्स | ७०२,१२६।३६ | | ३५०,३९६।०० | | | १,०५२,५२२।३६ | २५% | २३३,९३१।१२ | ८१८,५९२।०४ |
| | स्टिल फर्निचर | २०,६५८।०० | | | | | २०,६५८।०० | २५% | ५,१६४।५० | १५,४९३।५० |
| | अफिस इक्युपमेन्ट | ९४६,०९६।०० | ६२,६६३।०० | २७१,५७५।०० | | | १,२८०,३३४।०० | २५% | २९७,४५२।२५ | ९८२,८८१।७५ |
| | अन्य | ८४८,५७३।२४ | | | | | ८४८,५७३।२४ | २५% | २१२,१४३।३१ | ६३६,४२९।९३ |
| ग | सवारी सधान | | | | | | | | | |
| | मोटर गाडी | २,१४७,०४०।०० | | | | | २,१४७,०४०।०० | २०% | ४२९,४०८।०० | १,७१७,६३२।०० |
| घ | अन्य सम्पत्ति | ४४२,८६१।०५ | ५६,५००।०० | | | | ४९९,३६१।०५ | १५% | ७४,९०४।१६ | ४२४,४५६।८९ |
| ङ | सफ्टवेयर | ८८,१४०।०० | | | २,३५६।०० | | ९०,४९६।०० | | ६९,४६३।७४ | २१,०३२।२६ |
| अघिल्लो वर्षको मिलान | | | | | | | | | | |
| जम्मा | | ८१,२४०,३४५।६१ | ११९,१६३।०० | १,७०५,१२०।०० | २१८,९५६।०० | १४,५०१,०११।०० | ६८,७८२,५७३।६१ | | ३,२१८,२९४।४३ | ६५,५६४,२७९।१९ |

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि.

नयाँ बानेश्वर, काठमाडौं, नेपाल

## २०७७ आषाढ मसान्त

**अनुसूची ७**

**बैंक मौज्दात**

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| ग्लोबल आई. एम. ई. बैंक लि. | ५,९६५,२४४।७६ | ६४३,०९६।४५ |
| प्रभू बैंक लि. | २,०५७,१०१।२६ | ७४०,३१५।४४ |
| गरिमा विकास बैंक लि. | ४९६,३६७।०१ | ६७१,०४३।४२ |
| प्राईम बैंक लि. | १,४६५,८६१।७४ | २,२३६,८७४।५२ |
| गूर्खाज फाइनान्स लि. | ८२१,७८३।२४ | ७८३,००८।४५ |
| गुडविल फाइनान्स लि. | ५,५४८,७०९।५० | ५,०५२,३६३।३५ |
| सुर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि. | | १०,४४१,०५७।५९ |
| सभ्य समाज बचत तथा ऋण सहकारी संस्था लि. | | ९,३९१,०४३।८४ |
| हाम्रो त्रिबेणी बचत तथा ऋण सहकारी संस्था लि. | | ७,४८३,७९१।२६ |
| सन्दूस बचत तथा ऋण सहकारी संस्था लि. | | ८,८२९,६७८।५९ |
| राष्टिय सहकारी बैंक लि. | ६,३१७,४६८।३२ | २७,८०३,९३४।२६ |
| नेफ्स्कुन | १०९,८५०,३६६।४७ | ७०,२९३,०७२।१५ |
| ललितपूर जिल्ला वचत तथा ऋण सहकारी संघ लि. | ७,५४१,९३१।८४ | २५,५००।०० |
| आधारशिला बचत तथा ऋण सहकारी संस्था लि. | | १८,७७२।०० |
| नेफ्स्कुन साधारण बचत | ६०,३५५।१९ | ५१,१५६।२२ |
| नेफ्स्कुन लाभांस खाता | ६,२९१।०४ | १३०,१५२।०९ |
| कास्कून | २,०००।०० | २,०००।०० |
| मेघा बैंक लि. | ४,३०६,४८४।५७ | २,०९९,५७४।१९ |
| सानिमा बैंक लि. | १,१६६,९३५।७२ | ४४२,२९३।९२ |
| देब बिकास बैंक लि. | १,४२२,३१३।५४ | ७,३५१,०६८।७६ |
| सनराइज बैंक लि. | २,८०२,८२७।२६ | ३,१०७,७७५।८२ |
| एन.सि.सि बैंक लि. | ९७४,७७९।२५ | ४,०८९,४६५।७८ |
| सिटिजन बैंक लि. | ५,११५,५४९।७४ | ४००,३६३।५१ |
| सिद्दार्थ बैंक लि. | ११,४४९,८३३।९७ | ९,७८२,२७४।१८ |
| एन.आई.सि. एसिया बैंक लि. | ४३४,३२२।१५ | ९३४,२४५।०३ |
| एन.एम.बि बैंक लि. | ४८७,४३४।२३ | १,५०७,६६३।१९ |
| कूमारी बैंक लि. | २४१,५९१।८२ | १०१,८६७।५६ |
| मूक्तिनाथ बिकास बैंक लि. | ६७०,२७३।१४ | २७,०३४।२९ |
| आई. सि. एफ. सि फाइनान्स लि. | ८,४०८,४६४।१५ | ३४,४६७।९८ |
| सिभिल बैंक लि. | २२१,६४७।८७ | ८०७,५४४।१५ |
| लक्ष्मी बैंक लि. | १,०२१,७३४।४२ | २१,७८४।०७ |
| गण्डकि बैंक लि. | ४६७,४४४।३१ | ७६०,५७८।३२ |
| सेन्चुरी बैंक लि. | ५९१,१९५।०६ | ४३६,०२४।२५ |
| **जम्मा** | **१७९,९१६,३११।५७** | **१७६,५००,८८४।६३** |

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि.

नयाँ बानेश्वर, काठमाडौं, नेपाल

## २०७६ आषाढ मसान्त

**अनुसूची ८**

**ऋण लगानी तथा सापटी**

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| व्यापारिक ऋण | ५२४,४०४,५७४।४६ | ९५१,८११,४९६।०९ |
| हायर पर्चेज ऋण | ३८,६४७,६४१।१८ | ५५,२६४,९७९।५२ |
| सामूहिक जमानी ऋण | ८३,७६७,५९२।५५ | ६८,८५९,१७४।१८ |
| मूद्धती रसिद धितो ऋण | ६,४३८,३१३।३६ | १७,५९४,६९८।९५ |
| आवास ऋण | ५४०,०७०,२८०।८२ | |
| जम्मा | १,१९३,३२८,४०२।३७ | १,०९३,५३०,३४८।७४ |

**अनुसूची ९**

**लगानी**

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| ललितपुर जिल्ला सहकारी संघ | १११,०००।०० | ११,०००।०० |
| राष्ट्रिय सहकारी बैंक | १,०००,०००।०० | १,०००,०००।०० |
| जिल्ला सहकारी संघ | ५,०००।०० | ५,०००।०० |
| कास्कून | १०,०००।०० | १०,०००।०० |
| नेफ्स्कून | १०,१३३,०००।०० | ५,१३३,०००।०० |
| जम्मा | ११,२५९,०००।०० | ६,१५९,०००।०० |

**अनुसूची १०**

**अन्य सम्पत्ति**

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| प्राप्त हूनूपर्ने ब्याज | १२,८१३,१२०।८४ | ४,३०४,९७१।९२ |
| न्यून: ब्याज मूल्तवि | (१०,५५६,९९३।३४) | (४,३०४,९७१।९२) |
| आषाढ मसान्त पछि उठेको ब्याज | २,२५६,१२७।५० | |
| आग्रिम आयकर | ३,३९०,४३९।०४ | ४,४६१,५१५।०८ |
| प्रभू मनी ट्रान्सफर धरौटी | ४००,०००।०० | ५६५,९६९।२२ |
| अग्रिम भूक्तानी हिसाव | ६८२,२९४।३९ | १,०६०,५२४।०० |
| ग्लोबल आई.एम.इ धरौटी | ४,२००।०० | ४,२००।०० |
| अन्य पाउनू पर्ने | ४९,९१०।२१ | ३४,२४४।७१ |
| आई.एम.इ सहकारी संस्था लि. | ५००,०००।०० | ५००,०००।०० |
| आई.एम.इ मनि ट्रान्सफर | २५,०००।०० | (१३,३०३।००) |
| प्रभू मनि ट्रान्सफर कारोबार | ११७,९१२।५७ | |
| गैर बैकिंङ सम्पत्ति | १४,५०१,०११।०० | |
| जम्मा | २१,९२६,८९४।७१ | ६,६१३,१५०।०१ |

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि.

नयाँ बानेश्वर, काठमाडौं, नेपाल

## २०७६ आषाढ मसान्त

अनुसूची ११

**ब्याज आम्दानी**

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| व्यापारिक कर्जा | ७२,८५१,१५४।९८ | १३६,२७७,५४३।५६ |
| हायर पर्चेज कर्जा | ६,४६५,६१४।९१ | ११,२४०,०३०।२१ |
| सामूहिक जमानी कर्जा | ११,०९२,८०४।७२ | १७,७९५,१८२।५८ |
| मूद्धती रसिद धितो कर्जा | १,८८७,४१७।३३ | २,१६३,२७६।५१ |
| आवास कर्जा | ७६,६१४,२७३।१३ | |
| शैक्षिक कर्जा | ८४,२१२।२६ | |
| कृषि कर्जा | १३७,८६४।८७ | |
| बैंक ब्याज | १४,४७०,६८१।७७ | १०,३५१,६८६।७१ |
| जम्मा | १८३,६०४,०२३।९७ | १७७,८२७,७१९।५७ |

अनुसूची १२

**अन्य आम्दानी**

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| व्यवस्थापन शुल्क | ११,९०८,८०९।०० | १४,७४३,३५६।०० |
| नवीकरण शुल्क | ४३,५००।०० | १७९,३७०।०० |
| कर्जा फारम शुल्क | २१९,०१०।०० | ३५१,९५०।०० |
| फिल्ड रिपोर्ट शुल्क | १५०,५००।०० | २४९,२५०।०० |
| सदस्यता शुल्क | ६७,३००।०० | ५७,८००।०० |
| बिबिध आम्दानी | ५०८,४२८।१६ | ७०२,१२४।०३ |
| खाता बन्द शुल्क | ३७,०३५।०० | ४६,४५०।०० |
| जरिवाना शुल्क | १,७०५,५५६।८० | १८,१७०।०० |
| घरबाहल आम्दानी | ५०८,०००।०० | |
| जम्मा | १५,१४८,१३८।९६ | १६,३४८,४७०।०३ |

अनुसूची १३

**ब्याज खर्च**

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| ऋमिक आवधिक बचत | ७२,९२०।९३ | १०१,८६२।९० |
| बिशेष बचत | ५७,३८४,०८६।९६ | ६०,६२७,१९६।१३ |
| नियमित मुद्धती बचत | ७२,०४६,१३२।८३ | ५४,९९६,५३४।९५ |
| साधारण बचत | १,१२५,४०१।७३ | ९७४,५२२।६४ |
| जम्मा | १३०,६२८,५४२।४५ | ११६,७००,११६।६२ |

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि.

नयाँ बानेश्वर, काठमाडौं, नेपाल

## २०७७ आषाढ मसान्त

अनुसूची १४

**कर्मचारी खर्च**

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| तलब तथा भत्ता | ८,६६५,४८२।०० | ८,२६०,४२०।०० |
| उपदान खर्च | ६८०,३७७।८० | ६१९,१६८।९३ |
| ग्रेड खर्च | ६८,२५०।०० | ५०,२००।०० |
| दशै भत्ता | ६९६,५३४।०० | ९०५,६००।०० |
| कर्मचारी ईन्धन | | ३२७,४६०।०० |
| महगिं भत्ता | ३,८४७,१६०।०० | ३,३१३,७६९।३७ |
| अतिरिक्त समय भत्ता | २२९,७३१।७५ | ३१४,३९६।०० |
| पोशाक खर्च | २३४,३००।०० | ३३९,८००।०० |
| प्रोत्साहन खर्च | २३६,८००।०० | १९८,८११।०० |
| खाजा खर्च | १९६,५५०।०० | २३६,१७०।०० |
| तालिम खर्च | २७,४००।०० | ४९,२५०।०० |
| कर्मचारी संचयकोष | ८२०,०८०।०० | ७४३,३००।०० |
| बिदा भत्ता | १९३,७२०।८९ | २३०,३४१।६७ |
| बिमा खर्च | ५१,७६५।०० | |
| जम्मा | १५,९४८,१५१।४४ | १५,५८८,६८६।९७ |

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि.

नयाँ बानेश्वर, काठमाडौं, नेपाल

## २०७७ आषाढ मसान्त

अनुसूची १५

**प्रशासनिक खर्च**

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| कार्यालय व्यवस्थापन खर्च | ६४२,३३४।०० | ३१७,६९६।०० |
| बिज्ञापन खर्च | ४७,०११।०० | ७४,४४४।०० |
| घर बहाल खर्च | १,८१९,०२०।०० | १,४८०,६१७।०० |
| टेलिफोन, टेलिग्राम, फ्याक्स खर्च | १७१,६००।०० | २०४,१३५।०० |
| छपाई तथा मसलन्द खर्च | ६००,४२५।०० | ६६१,३३४।०० |
| मर्मत तथा संभार खर्च | २७८,९४३।०० | १८८,९७३।०० |
| पत्रपत्रिका खर्च | २५,९३०।०० | ४६,३५५।०० |
| अतिथि सत्कार खर्च | ७,६६५।०० | ३३८,८६४।०० |
| ईन्धन खर्च | ४९५,७९७।०० | २५३,१९४।०० |
| विद्यूत तथा पानी खर्च | ३५९,६४४।०० | ३९०,२२१।०० |
| सेवा शुल्क खर्च | ३२०,६४५।०० | ३५१,५००।०० |
| बैठक भत्ता खर्च | २४८,०००।०० | ३५५,०००।०० |
| सहयोग तथा चन्दा खर्च | १२,०००।०० | |
| अन्य कार्यालय खर्च | २२१,०९४।६४ | ६०७,८०३।३७ |
| साधारण सभा खर्च | ६२५,२९७।०० | ६९६,९६१।०० |
| आन्तरिक लेखापरीक्षण शुल्क | ११३,०००।०० | १३५,६००।०० |
| सफ्टवेयर खर्च | ३५९,९५५।०० | ४३०,५२८।०० |
| अन्तिम लेखापरीक्षण शुल्क | ६७,८००।०० | ६७,८००।०० |
| भान्सा खर्च | ५५८,५९४।७४ | ६७०,३६८।७२ |
| सदस्यता शुल्क | | १०,०८५।०० |
| सवारी कर खर्च | ८७,६०५।०० | ७०,६५५।०० |
| गार्ड खर्च | १,४८३,५४१।०० | १,४४१,३६६।०० |
| बिमा खर्च | १४३,९४१।६० | १६९,९८१।०० |
| कर तथा दस्तूर खर्च | ९०,३०३।०० | |
| बैंक चार्ज | ६,५७५।६६ | २,४७०।०० |
| जम्मा | ८,७८६,७२१।६४ | ८,९६५,९५१।०९ |

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि.

नयाँ बानेश्वर, काठमाडौं, नेपाल

**आ.ब. ०७६/०७७**

अनुसूची १६

## प्रमुख लेखा नीति

**अ. संस्थाको सामान्य जानकारी**

ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड सहकारी ऐन २०४८ अन्तर्गत सदस्यहरु बिच बचत तथा ऋणको कारोबार गर्ने उद्देश्यले डिभिजन सहकारी कार्यालय काठमाण्डौमा २०६८।०१।२९ गते दर्ता भएको सहकारी संस्था हो । यो संस्था आन्तरिक राजस्व कार्यालय काठमाण्डौ, नयाँ बानेश्वरमा २०६८।०५।१३ गते ६००२७५२१९ पानमा दर्ता भएको छ।

**आ. प्रमुख लेखा नीतिहरुः**

१. संस्थाको वित्तीय विवरणहरुको प्रस्तुती, सहकारी ऐन तथा लेखाको सर्वमान्य सिद्धान्त तथा ऐतिहासिक लागत अबधारणाका आधारमा गरिएका छन् ।

२. संस्थाको वित्तीय कारोबारहरुको लेखा सहकारी ऐन नियम, सहकारी बिभागको निर्देशन एवं मापदण्ड २०६८, सम्भव भएसम्म नेपाल लेखामान र लेखाको सर्बमान्य सिद्धान्त (GAAP) को आधारमा राखिएको छ।

३. संस्थाको आम्दानीलाई नगद प्राप्ती (Cash Basis) तथा खर्चको हिसाब प्रोदभावी (Accrual Basis) आधारमा लेखाङ्कन गरिएको छ।

४. संस्थाको निक्षेप दायित्वमा तिनुपर्ने ब्याजलाई पाकेको आधारमा खर्च जनाई लेखाङ्कन गरिएको छ।

५. स्थिर सम्पत्तिहरु ऐतिहासिक लागत अबधारणाको आधारमा लेखाङ्कन गरिएको छ।

६. स्थिर सम्पत्तिहरुमा आयकर ऐनले तोके बमोजिम ह्रास कट्टी गर्ने नीति रहेको छ। साथै लिजहोल्ड सम्पत्तिलाई २० वर्षमा समदर र सफ्टवेरलाई ५ वर्ष समदरमा अपलेखन गर्ने गरिएको छ।

७. निक्षेपमा दिने ब्याज र कर्जामा लिने ब्याजलाई ३६५ दिनको एक वर्षको आधार मानी गणना गर्ने नीति रहेको छ।

# लेखा सम्बन्धि टिप्पणीहरु

१. सहकारी मापदण्ड दफा ३२ अनुसार संस्थाले कुल निक्षेप रकमको १५ प्रतिशत रकम नघटाई तरलता कायम राखेको छ।

२. संस्थाले सहकारी मापदण्ड अनुसार जगेडा कोषको ब्यवस्था गरेको छ।

३. ऋण प्रवाहमा संचालक समितिको निर्णय अनुसार ०.५ देखि २.५ प्रतिशत सम्म प्रक्रियागत सेवा शुल्क लिइएको छ।

४. संस्थाका अध्यक्षलाई प्रमुख कार्यकारीको रुपमा काम गरे वापत मासिक रु १,९३,१९६.०० पारिश्रमिक उपलब्ध गराईएको छ। यसका साथै संचालक समितिका सदस्यहरुलाई यस आ.व. मा जम्मा रु २,४८,०००।०० बैठक भत्ताकर कट्टी गरी उपलब्ध गराईएको छ।

५. सहकारी मापदण्ड दफा २५ अनुसार लिने दिने व्याज दरको ४ प्रतिशत औसत स्प्रेड दर रहेको छ। साथै कर्जा लगानीमा १४-१७% र बचतमा ३-१४% व्याज लिने र दिने गरिएको छ।

६. यस आ.व. मा संस्थाले जम्मा रु. ९,९७,९८०.५४ को थप ऋण नोक्सानी ब्यवस्था गरेको छ।

७. संस्थाले आफ्नो आर्थिक कारोबारको लेखा कम्प्युटराईज्ड सफ्टवेयर मा राख्ने गरेको छ।

८. संस्थाको आयकर व्यवस्था यस वर्षको खुद मुनाफा (कर योग्य नाफा रकम) को १०% गरिएको छ। कर लेखा परीक्षण पश्चात आयकर ब्यवस्था घटबढ हुनसक्ने छ।

९. संस्थाले आ.व २०७६।०७७को कोष बाँडफाँड सहकारी नियमावली २०७५ अनुसार गरेको छ। साथै यस आ.ब.मा संचालक समितिको निर्णय गरि सहकारी शिक्षा कोष, सहकारी विकास कोष, संरक्षित पूँजी फिर्ता कोष र ऋण जोखिम व्यवस्थापन कोष बाट रु १,७०,३५,७५८.०२ साधारण जगेडा कोषमा रकमान्तर गरिएको छ। आ.ब. २०७५।२०५६ को अधिक कर रु ७४,५७५.७३ र यस आ.व. को राष्ट्रिय सहकारी बैंकको लाभांस र संरक्षित पूंजी फिर्ता कोष बापतको रु १,०७,२१०.०४, नेफ्स्कुनको लाभांस र संरक्षित पूंजीफिर्ता कोष बापतको रु ७,६४,४९३.४५ र ललितपुर जिल्ला सहकारी संघको संरक्षित पूँजी फिर्ता कोष बापतको रु ६,१३६.३० पनि साधारण जगेडा कोषमा रकमान्तर गरिएको छ।

१०. बिभागको मिति २०७७।०४।०९ को परिपत्र अनुसार संस्थाले अषाढ मसान्त सम्म असुलउपर गर्नुपर्ने व्याजको रकम यदि श्रावण मसान्त २०७७ सम्म असुलउपर गरेमा आ.ब. २०७६।२०७७ को व्याज आम्दानी लेखाङ्कन गर्न बाधा पर्ने छैन। उक्त परिपत्रको अधिनमा रहि संस्थाले रु २२,५६,१२७.५० व्याज आम्दानी लेखाङ्कन गरेको छ।

११. कर्मचारी बोनस ब्यवस्था, बोनस ऐन २०३० अनुसार गरिएको छ सो बापत कोषमा भएको प्रतिशत हेरफेरलाई शेयर लाभांस कोषमा समायोजन गरिएको छ। उक्त निर्णय संस्थाले नवौं वार्षिक साधारण सभा बाट पारित गरेको छ।

१२. संस्थाले गैर बैकिंङ्ग सम्पत्तिमा लेखाङ्कन गर्नुपर्ने जग्गालाई अघिल्लो आ.ब.मा स्थिर सम्पत्तिमा लेखाङ्कन गरेकोमा यस आ.व. मा उक्त रकम गैर बैकिंङ्ग सम्पत्तिमा समायोजन गरिएको छ।

१३. अनूसुचि १ देखि १६ सम्मका अनूसुचिहरु यस आर्थिक विवरणका अभिन्न अंग हुन्।

१४. आर्थिक विवरणमा रकमहरु नेपाली रुपैंयामा लेखिएका छन्।



९औं वार्षिक साधारण सभा उद्घाटन गर्दाको क्षण




९औं वार्षिक साधारण सभामा “उत्कृष्ट सदस्य सम्मान”




९औं वार्षिक साधारण सभामा “उत्कृष्ट सदस्य सम्मान”




९औं वार्षिक साधारण सभामा "उत्कृष्ट सदस्य सम्मान"



९औं वार्षिक साधारण सभामा SEE मा उत्कृष्ठ अंक हासिल गर्ने सदस्यका सन्ततीलाई पुरस्कार वितरण



९औं वार्षिक साधारण सभामा SEE मा उत्कृष्ठ अंक हासिल गर्ने सदस्यका सन्ततीलाई पुरस्कार वितरण

# नोट


Save Money
& money will
save you
ज्योतिपुञ्ज
मेगा
प्लस
बचत
८%
ब्याजदर
विशेषताहरू
न्यूनतम रु.२५,०००/- मा खाता खोल्न सकिने
दैनिक मौज्दातमा ब्याज प्रदान गरिने
Mobile Banking को सुविधा भएको


Save Money
& money will
save you
ज्योतिपुञ्ज
आवधिक
बचत
११%
ब्याजदर
विशेषताहरू
१ वर्ष अवधिको लागि
एममुष्ठ ब्याज भुक्तानी
Mobile Banking को सुविधा भएको


खर्च गरे सकिजान्छ
बचत गरे जम्मा ।
साथ रहन्छ ज्योतिपुञ्ज
जीवनभरसम्म ।।

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## JYOTIPUNJA SAVING & CREDIT CO-OPERATIVE LTD.


केन्द्रीय कार्यालय
**नयाँ बानेश्वर, काठमाडौं**
**फोन: ०१-४७८०९८५, ४७८६३२७**

सेवा केन्द्र कार्यालय
**कुमारीपाटी, ललितपुर**
**फोन: ०१-५००८७७३, ५००८७७४**

सेवा केन्द्र कार्यालय
**गोठाटार, काठमाडौं**
**फोन: ०१-४९९१८७२**

E-mail: info@jyotipunja.coop.np
URL: www.jyotipunja.coop.np